# संघीय संसद
# प्रतिनिधि सभा
# अन्तर्राष्ट्रिय सम्बन्ध समिति

**बैठक संख्या: ७६**
**(मिति: २०७९/०३/०५)**

**विषय:-**

१. नेपालको परराष्ट्र नीति कार्यान्वयनका सम्बन्धमा।
२. सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको संयुक्त राज्य अमेरिकाको भ्रमणका सम्बन्धमा।
३. विविध।

**छलफल तथा निर्णय:-**

समितिको आजको बैठकमा नेपालको परराष्ट्र नीति कार्यान्वयन, सम्माननीय प्रधानमन्त्रीको निकट भविष्यमा हुन गइरहेको संयुक्त राज्य अमेरिकाको भ्रमण एवं विविध विषयका सम्बन्धमा छलफल भयो। छलफल पश्चात् समितिबाट देहाय बमोजिमका निर्णयहरु भए:

१. नेपालको परराष्ट्र नीति कार्यान्वयनको सन्दर्भमा अमेरिकी राज्य साझेदारी कार्यक्रम (State Partnership Program) का सम्बन्धमा एवं सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको आसन्न संयुक्त राज्य अमेरिका भ्रमणको कार्यसूचीबारे छलफल र जानकारीका लागि सम्माननीय प्रधानमन्त्रीलाई आमन्त्रण गरिएकोमा, सम्माननीय प्रधानमन्त्री समितिको बैठकमा अनुपस्थित हुनुभएको कारणले उपरोक्त विषयमा सम्माननीय प्रधानमन्त्री/ रक्षा मन्त्रीको धारणा प्राप्त हुन नसकेको हुदाँ सम्माननीय प्रधानमन्त्रीलाई समितिको आगामी बैठकमा पुन: आमन्त्रण गर्ने,

२. समितिको प्रतिवेदन, २०७९ आवश्यक परिमार्जन सहित पारित गर्ने।

तत्पश्चात् समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित भयो।